नेपाली इसाई मण्डली
# सूचनापत्र
मासिक
चैत्र/वैशाख २०८१/२०८२ (April 2025) वर्ष २८/अङ्क ३१६

## येशूको पुनरुत्थान: हामी सबैको आशा

– एल्डर भुवन देवकोटा

येशूको पुनरुत्थान खीष्टियन विश्वासको सबैभन्दा प्रमुख जग हो किनकि त्यसैमा खीष्टियन विश्वास निर्माण भएको छ (१ कोरिन्थी १५:३-४)। कन्याद्वारा येशूको जन्म, उहाँको ईश्वरत्व, पापको लागि उहाँको बलिदान र उहाँको क्रूसको मृत्यु हामीले सम्झौता गर्न नसक्ने सत्यताहरू हुन्। यी कुराबिना खीष्टियन विश्वासको अस्तित्व नै रहँदैन। मृत्युबाट येशूको पुनरुत्थान यी सबै कुराहरूमध्ये सबैभन्दा महत्वपूर्ण हो किनकि यसले नै खीष्टियन विश्वासलाई अन्य आस्थाहरूभन्दा भिन्नै प्रस्तुत गर्दछ। कुनै पनि धार्मिक अगुवा वा अवतारित भएका व्यक्तिहरू कोही पनि मृत्युलाई जितेर बौरी उठेनन्, तर येशू मात्रै मृत्युको शक्तिलाई जितेर पुनरुत्थान भई शरीर परमेश्वरको महामहिमा प्रस्थान गरी उहाँको दाहिने हाततर्फ विराजमान हुनुहुन्छ।

येशूको पुनरुत्थानले येशूको बारेमा भएका भविष्यवाणीहरूलाई पुष्टि गर्दछ। येशू आफैंले पनि मर्कूस ८:३१ र मत्ती १६ अध्यायमा यसको बारेमा घोषणा गर्नुभयो। क्रूसमा मार्ने कुरा रोमी शासकको दण्ड दिने क्रुर तरिका थियो। येशूको समयमा धेरै मानिसहरूलाई क्रूसमा चढाएर मारिन्थ्यो तर कोही पनि शरीर बौरी उठेन। ती सबै मृत्युकै काखमा सुतिरहे तर येशू मात्रै जीवित भई उठ्नुभयो। उहाँले मृत्युबाट जीवित बनाउनुभएको लाजरसले फेरि यस संसारमा शारीरिक मृत्युको सामना गर्नुपर्यो। त्यसकारण यो पुनरुत्थान थिएन तर येशू मृत्युलाई जितेर सदाको लागि विजयी बन्नुभयो। अब येशूको चिहान रित्तो छ र उहाँ बौरी उठेर उहाँले आफूलाई परमेश्वर हुँ भनेर गर्नुभएको दाबीलाई पनि पुष्टि गर्नुभयो। रोमी ४:२५ ले भनेजस्तै उहाँ हाम्रा पापको लागि मर्नुभयो र हामीलाई धर्मी ठहराउनलाई उहाँ बौरी उठ्नुभयो किनकि मरेका मुक्तिदाताले मानिसलाई उद्धार गर्न सक्दैन तर येशू अहिले हाम्रो लागि अन्तरबिन्ती गर्दै परमेश्वरको दाहिने हाततर्फ विराजमान हुनुहुन्छ।

पावलले १ कोरिन्थी १५ अध्यायमा लेखेजस्तै यदि खीष्ट मरेकाहरूबाट जीवित नहुनुभएको भए हाम्रो विश्वास र प्रचार दुवै व्यर्थ हुने थियो र हामी हाम्रा पापमा मरेका हुनेथियौं। पावलले भनेजस्तै येशूको मृत्युले हाम्रा सबै पाप क्षमा गर्यो।

**येशूको पुनरुत्थान किन महत्त्वपूर्ण ?**

येशूको पुनरुत्थान महत्वपूर्ण छ किनभने येशूले आफैंलाई मसिह र परमेश्वरका पुत्र भनेर दाबी गर्नुभयो। उहाँको पुनरुत्थानले उहाँको यो दाबीलाई स्वर्गबाट पुष्टि गरेको छ। येशूको पुनरुत्थान भएपछि ५०० भन्दा बढी मानिसहरूले आफ्नै आँखाले उहाँलाई देखेका थिए (१ कोरिन्थी १५:३-८)। यसले उहाँ संसारको मुक्तिदाता हुनुहुन्छ भन्ने कुरालाई पुष्टि गर्दछ। येशूको पुनरुत्थानले उहाँ पापरहित र परमेश्वर स्वभावको व्यक्ति हुनुहुन्छ भन्ने तथ्यलाई उजागर गर्दछ। भजनसंग्रह १६:१० ले बताउँछ कि पवित्रले कहिले पनि नाश भएर जानुपर्दैन, येशूको शरीर नाश भएन। पावलले प्रेरित १३:३८ र ३९ मा येशू खीष्टद्वारा पाप क्षमा पाइन्छ भन्ने कुरा उहाँको पुनरुत्थानको कारणले प्रचार गर्न सके। उहाँको पुनरुत्थानले येशूको बारेमा गरिएका भविष्यवाणीहरूलाई पनि प्रमाणित गर्दछ। येशू आफैंले उहाँ मृत्युबाट तेस्रो दिनमा बौरी उठ्नेछु भनेर गर्नुभएको दाबीलाई पनि पुष्टि गर्दै यसले येशू सत्य हुनुहुन्छ भन्ने कुराको प्रमाण दिन्छ। येशूले युहन्ना ११:२५ मा पुनरुत्थान र जीवन म नै हुँ भनेर उल्लेख गर्नुभयो। यदि येशूको पुनरुत्थान नभएको भए उहाँको यो दाबी झूटो ठहर्ने थियो। अब हामी येशूमा विश्वास गर्नेहरूले शारीरिक मृत्युको अनुभव गर्नुपरे पनि आत्मामा अनन्तसम्म जीवित रहिरहन पाउँछौं किनकि येशू जीवित हुनुभएको छ।

१ कोरन्थी १५:२० मा लेखेजस्तै येशू सुतिगएकाहरूको पहिलो फल हुनुहुन्छ र त्यसपछि उहाँमा विश्वास गर्नेहरूलाई उहाँले पुनरुत्थान गरिदिनुहुनेछ भन्ने कुराको पनि यो आधार हो। चिहानले उहाँलाई थुनिराख्न सकेन।

येशूको पुनरुत्थान नभएको भए उहाँले म तिमीहरूलाई लिन फर्केर आउनेछु भन्नुभएको कुराको कुनै पनि आधार हुने थिएन। पुनरुत्थान येशूमा विश्वास गर्नेहरूको लागि गौरवशाली विजय हो। येशू मर्नुभयो, गाडिनुभयो र धर्मशास्त्रअनुसार तेस्रो दिनमा जीवित भई उठ्नुभयो। यसले हामी सबैलाई महिमित आशा दिएको छ कि हामी पनि उहाँजस्तै नयाँ शरीरमा बौरी उठ्नेछौं।

येशूको पुनरुत्थानले परमेश्वरले मरेका व्यक्तिहरूलाई फेरि जीवित पार्न सक्नुहुन्छ भन्ने कुराको पनि प्रमाण दिँदछ। यसले विश्वासीहरूको अनन्त जीवनको लागि पुनरुत्थान हुनेछ भन्ने कुराको निश्चयता हामी सबैलाई दिँदछ।

**येशूको पुनरुत्थान सत्य हो**

यसको बारेमा मत्ती २८:१-२०, मर्कूस १६:१-२०, लूका २४:१-५३ र युहन्ना २०:१-२१:२५ सम्म चारैवटा सुसमाचारमा उल्लेख भएको छ। प्रेरितको एक अध्यायमा पनि बौरी उठ्नुभएको येशूको बारेमा उल्लेख भएको छ। यसरी चारैवटा सुसमाचारमा उल्लेख हुनुले यो अकाट्य सत्य हो भन्ने कुरालाई बुझाउँछ। सुसमाचारका लेखकहरूले कुनै न कुनै कुरा छुटाएका छन् तर येशूको पुनरुत्थानको बारेमा चारैले उल्लेख गर्नुले यो नयाँ करारको मुख्य विषयमध्ये एक हो भन्ने सत्यतालाई उजागर गर्दछ।

पहिले कायर भएर रोमी सेना साथै शास्त्री र फरिसीहरूबाट ज्यान बचाउन भागेका चेलाहरूको जीवनमा येशूको पुनरुत्थानपछि नाटकीय परिवर्तन भएको छ। डरले शरण खोज्दै लुक्ने चेलाहरू पुनरुत्थान हुनुभएको येशूसँग जम्काभेट भएपछि उहाँको लागि मर्न तयार भए। पुनरुत्थानको योभन्दा ठूलो प्रमाण अर्को के हुन सक्छ ? प्रेरितहरूकै

| शनिबार आराधना सेवामा वचनको सेवकाइ गर्नुहुनेहरुको नामावली | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **मिति** | **ज्ञानेश्वर** | **नगरकोट** | **सिर्जनानगर** | **खाल्चोक** | **बालुवापाटी** | **ललितपुर** | **पनौती** |
| **चैत्र ३० गते** April 12 | श्री विष्णु देउला | श्रीमती माया तामाङ्ग | एल्डर सिद्धि खालिङ | डीकन शम्भू दंगाल | एल्डर मन ब. मगर | पाष्टर मनोज प्रधानाङ्ग | एल्डर श्रीलक्ष्मी सैंजु |
| **वैशाख ६ गते** April 19 | श्री सन्तोष थापा | एल्डर वीर ब. के.सी. | श्री सामुएल तामाङ्ग | श्री माया लामा | श्री सुचन तामाङ्ग | जवान | श्री सुकराम तामाङ्ग |
| **वैशाख १३ गते** April 26 | एल्डर अर्जुन ढकाल | डीकन कान्छा श्रेष्ठ | एल्डर रत्नमान महर्जन | एल्डर सिद्धि खालिङ्ग | एल्डर पूर्ण सुनुवार | डीकन ध्रुब घिमिरे | पाष्टर शरण राई |
| **वैशाख २० गते** May 3 | पाष्टर अशोक मुखिया | श्री सुचन तामाङ्ग | डीकनेस् सरीता नकर्मी | डीकन भूपाल लामा | डीकन मिन ब. तामाङ्ग | एल्डर सिमोन खालिङ | पाष्टर रूबेन श्रेष्ठ |

| नेइम जोरपाटी चर्च | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **मिति** | **डाँछी** | **बैंसीगाउँ** | **जहरसिंह पौवा** | **गाम्चा** | **सुन्दरीजल** | **साँखु** | **चाँगु** | **सापटार** | **कपन** | **फलेडाँडा** (शुक्रबार) |
| **चैत्र ३० गते** April 12 | एल्डर कृष्ण तामाङ्ग | एल्डर राज गुरूङ्ग | एल्डर दानियल सापकोटा | एल्डर अमृत लामा | एल्डर पेशल राई | पाष्टर प्रेम श्रेष्ठ | एल्डर लाक्पा लामा | एल्डर अष्ट श्रेष्ठ | एल्डर सागर थापा | डीकन पवन सुनुवार |
| **वैशाख ६ गते** April 19 | एल्डर पेशल राई | एल्डर सागर थापा | डीकन गोविन्द नगरकोटी | एल्डर अष्ट श्रेष्ठ | एल्डर लाक्पा लामा | श्रीमती अनिशा गौतम | पाष्टर प्रेम श्रेष्ठ | श्रीमती देवकी लामा | एल्डर गोपी राई | एल्डर कृष्ण श्रेष्ठ |
| **वैशाख १३ गते** April 26 | **संयुक्त सेवा – नेइम डाँछी जोरपाटी चर्च** | | | | | | | | | |
| **वैशाख २० गते** May 3 | एल्डर पेशल राई | एल्डर लाक्पा लामा | एल्डर जमान घ्लान | एल्डर अष्ट श्रेष्ठ | एल्डर कृष्ण तामाङ्ग | एल्डर सागर थापा | एल्डर राज गुरूङ्ग | एल्डर अमृत लामा | पाष्टर प्रेम श्रेष्ठ | एल्डर पेशल राई |

कुरा गर्दा चर्चलाई सताएर दुःख दिने पावलको जीवनको परिवर्तन पनि अर्को प्रमाण हो । पावलले येशूलाई यस संसारमा हुनुहुँदा नभेटे पनि पछि पुनरुत्थान हुनुभएको येशूलाई भेटेर उहाँ र उहाँको पुनरुत्थानको बारेमा प्रशस्तै लेखेका छन् । अहिले येशूको सुसमाचार सुनेर परिवर्तन भएका करोडौं जीवनहरू, लाखौं समुदायहरू र इतिहासमा उहाँको पुनरुत्थान र सुसमाचारले ल्याएको सत्य र शान्तिका परिवर्तनहरू पनि येशूको पुनरुत्थानका दरिला प्रमाणहरू हुन् ।

येशू पुनरुत्थान हुनु आवश्यक थियो किनकि सैतानले आफ्नो सबैभन्दा ठूलो शक्ति मृत्युलाई प्रयोग गरेर येशूलाई चिहानमा लाने प्रयास गरेको थियो तर येशूले उसको शक्तिलाई जितेर सैतानको शिर कुच्याउनुभयो । त्यसका साथै येशूको पुनरुत्थान सैतानको सबैभन्दा ठूलो आक्रमणको विषय हो किनकि यो नै ख्रीष्टियन विश्वासको जग हो र यो नै सम्पूर्ण मानवको आशा हो ।

## शुभ कामना

**सारा संसारका मानव जातिको उद्धारको निम्ति येशू प्रभु क्रूसमा बलि हुनुभई तेस्रो दिनमा पुनरुत्थान हुनुभएको (EASTER) तथा नव वर्ष २०८२ सालको सुखद् अवसरमा नेइम अन्तर्गतका सम्पूर्ण मण्डली परिवारहरु तथा सम्पूर्ण विश्वासीहरु र देशवासीहरुमा प्रेम, मेलमिलाप, एकता र शान्तिको लागि प्रार्थना तथा हार्दिक शुभ कामना व्यक्त गर्दछौं ।**

### अप्रिल महिनाको कार्यक्रम

वैशाख १ गते/अप्रिल १४ तारिख सोमबार बिहान १०:०० बजे उपवास प्रार्थना आ-आफ्नो मण्डलीमा ।

वैशाख ५ गते/अप्रिल १८ तारिख शुक्रबार बेलुकी ५:३० बजे गूड फ्राइडे सेवा आ-आफ्नै मण्डलीमा ।

वैशाख ७ गते/अप्रिल २० तारिख आइतबार बिहान ६:०० बजे इस्टर (सूर्योदय) सेवा आ-आफ्नै मण्डलीमा ।

### जानकारी



मनमैजु बस्नुहुने नेइम गोंगबूँ चर्चको सदस्य श्रीमती चन्द्री माया गुरूङ्ग ७८ वर्षको उमेरमा फागुन १४ गते/फरवरी २६ तारिख बुधबार प्रभुमा सुत्नुभयो ।

चैत्र २ गते/मार्च १५ तारिख शनिबार नेइम बालुवापाटी चर्चमा १५ जनाले समर्पण गर्नुभयो ।

## शनिबार आराधना सेवामा वचनको सेवकाइ गर्नुहुनेहरूको नामावली

| मिति | गुरूजुधारा | भैंसेपाटी | गोदावरी | गोंगबूँ | बानियाटार | धापासी | भंगाल |
|---|---|---|---|---|---|---|---|
| चैत्र ३० गते April 12 | एल्डर बाबुराम के.सी. | एल्डर आमोस खालिङ | डीकन कृष्ण नगरकोटी | श्री कुमार सेन्चुरी | एल्डर पिटर लिम्बू | डीकन अनिल आले | डीकन डि.बि. राई |
| वैशाख ६ गते April 19 | डीकन श्रीराम सुर्खेती | डीकन अनिल चौधरी | जवान | एल्डर पिटर लिम्बू | एल्डर जोरबिर राई | एल्डर बेन्जामिन तामाङ्ग | एल्डर छोदेन कार्थक |
| वैशाख १३ गते April 26 | एल्डर नभराज के.सी. | श्री विश्वास थापा | एल्डर भुवन देवकोटा | डीकन प्रशान्त सिंह | एल्डर बेन्जामिन तामाङ्ग | श्री बाबुकाजी श्रेष्ठ | श्री चन्द्र मोक्तान |
| वैशाख २० गते May 3 | एल्डर रूद्र राई | पाष्टर शरण राई | पाष्टर रोल्याण्ड रोंगोंग | एल्डर बेन्जामिन तामाङ्ग | एल्डर पिटर लिम्बू | एल्डर छोदेन कार्थक | एल्डर जोरबिर राई |

## हार्दिक बधाई



फागुन १८ गते/मार्च २ तारिख, आइतबार नेइम जोरपाटी बेशीगाउँ चर्चका सदस्यहरू श्री नुर्वु शेर्पा र सुश्री रमिला तामाङ्गको नेइम जोरपाटी डाँछी चर्चमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा बाँधिनुभएकोमा मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



फागुन २६ गते/मार्च १० तारिख, सोमबार नेइम ललितपुर चर्चको सदस्य सुश्री एलिशिवा राई र नेइम भैंसेपाटी चर्चको सदस्य श्री सिलास राईको नेइम ललितपुर चर्चमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा बाँधिनुभएकोमा मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



चैत्र १७ गते/मार्च ३० तारिख, आइतबार नेइम भैंसेपाटी चर्चको सदस्य सुश्री दिना पाठक र हटिया ख्रीष्टिय चर्च, हेटौंडाको सदस्य श्री प्रकाश तामाङ्गको नेइम भैंसेपाटी चर्चमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा बाँधिनुभएकोमा मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।

## विशेष प्रार्थना

१. नेपाल देशको वर्तमान परिस्थितिको लागि प्रार्थना गरौं साथै यस देशमा प्रभुको इच्छा र योजना पूरा भएको होस् ।

२. अन्धकारका शक्तिका अधार्मिक कामहरू भ्रष्टाचार, लागु पदार्थ दुर्व्यशन, देह व्यापार, अपहरण, चेलीबेटी बेचबिखन, बलात्कार आदि जस्ता दुष्टका कामहरूका विरुद्धमा प्रार्थना गरौं ।

३. संसारका विभिन्न देशहरूमा भइरहेको युद्ध, आन्तरिक युद्ध, अनिकाल, रोग, प्राकृतिक प्रकोपमा परेर दुःख भोगिरहेकाहरूको लागि प्रार्थना गरिदिऔं ।

४. मण्डलीका विश्वासीहरू प्रार्थना, वचन पढाइ, प्रशंसा, सुसमाचार प्रचारको काममा इमान्दारी हुन सकून् साथै प्रभुको दोस्रो आगमनको तैयारीको लागि पनि तयार हुन सकून् ।

५. प्रभुदेखि टाढा भएकाहरू, अधुरा घर-घरानाकाहरू साथै सुसमाचार सुनेर पनि विश्वास नगर्नुभएकाहरू सबै समय छँदा नै परमेश्वरकहाँ आउन सकून् ।

६. येशू प्रभुको नाउँको खातिर सारा संसारभरि दुःख कष्ट, खेदो सतावट सहिरहनुभएका प्रभुको जनहरूका लागि प्रार्थना गरिदिऔं ।

७. मण्डलीको विश्वासीहरूले परमेश्वरको प्रेम र ख्रीष्ट येशू प्रभुमा पाइने सित्तैंको मुक्तिको सुसन्देश ठीक प्रकारले प्रचार गर्न सकून् जसको फलस्वरूप ख्रीष्ट येशू प्रभुमा विश्वास गर्नेहरू मूल्य चुकाउनेहरू पनि हुन सकून् ।

८. प्रत्येक जवानहरूले परमेश्वरको बोलावटलाई थाहा गरी आज्ञाकारी भएर जिउनको लागि पवित्रआत्माको शक्ति मागिदिऔं ।

९. विदेशमा रोजगार, अध्ययनको लागि जानुभएकाहरूले आफ्नो काम, पढाइको व्यस्तताको बीचमा प्रभुलाई नबिर्सिऊन् । उहाँहरूको सुरक्षा, पढाइ, काम साथै परिवारको लागि पनि प्रार्थना गरिदिऔं ।

१०. मण्डलीका सम्पूर्ण विश्वासीहरू प्रभुसँगको घनिष्ठतामा दिन प्रतिदिन बढ्दै जान सकून् साथै मण्डलीको सेवा संगतिहरूमा सहभागी भई आफै पनि ख्रीष्टमा बनिँदै साथै एकअर्कालाई उत्साह दिँदै र बनाउँदै जान सकून् ।

११. मिशनेरी भएर जानुभएकाहरूको परिवार, सेवकाइ र मण्डलीको लागि साथै विभिन्न देशहरूमा रहेर मण्डली तथा संगतिहरूमा सहायता पुऱ्याइराख्नुभएकाहरूको लागि प्रार्थना गरिदिऔं ।

| | | | | |
|---|---|---|---|---|
| **आइतबार** Sunday | २४ 6<br>देशका सबै मण्डलीका पाष्टर तथा अगुवाहरूको लागि पवित्र आत्माको अगुवाइ मागिदिऔं ।<br>२ तिमोथी ३:१६-१७ | ३१ 13<br>शाखा/आवद्ध मण्डलीहरूका अगुवाहरूले परमेश्वरको बगाल मण्डलीलाई विश्वासयोग्यताका साथ पवित्र आत्माको सहायतामा सधैँ हेरचाह गर्न सकून् ।<br>प्रेरित १३:१-१२ | ७ 20<br>आज हुने सूर्योदय सेवामा परमेश्वरको जीवित उपस्थिति प्रत्येकले थाहा गर्न सकून् ।<br>लेवी २६:१२-१३ | १४ 27<br>प्रत्येक परिवारमा प्रभुलाई पाहुना होइन तर सधैँ प्रभु मानेर आदर गर्नेहरू हुन सकून् ।<br>व्यवस्था ६:४-७ कलस्सी ३:१७ |
| **सोमबार** Monday | २५ 7<br>सम्पूर्ण विश्वासीहरू एकआपसमा सधैँ प्रेम, मेलमिलाप र एकतामा रही एकअर्काको लागि साथै समाजको लागि पनि आशिष्को कारण बन्न सकौं ।<br>यूहन्ना १३:३४-३५ | १ वैशाख 14<br>आज मण्डलीमा गरिने प्रार्थनाद्वारा देशमा, मण्डलीको जीवनमा, परिवारमा, व्यक्तिगत जीवनमा नयाँ काम भएको होस् र सबै क्षेत्रमा आशिष मिलेको होस् ।<br>२ इतिहास ७:१४ | ८ 21<br>गुड फ्राइडे र इस्टरको समयमा विभिन्न माध्यमद्वारा प्रचारिएको सुसमाचारद्वारा धेरै मानिसहरूले प्रभु येशू ख्रीष्टलाई सत्य र जीवित परमेश्वर हुनुहुन्छ भनेर जान्न र विश्वास गर्न सकून् ।<br>रोमी ४:२५ | १५ 28<br>मण्डलीका सबै विश्वासीहरू जीवनका सबै रहनसहनमा परमप्रभुको आदर गर्नेहरू भई इमान्दारितामा जिउन सकून् ।<br>रोमी १५:१-६ |
| **मंगलबार** Tuesday | २६ 8<br>परमेश्वरको प्रेम चाखेर फेरि संसारमा फर्केर गएकाहरू साथै विभिन्न कारणले सेवा संगतिहरूमा आउन छोडेकाहरू परमेश्वरको प्रेम सम्झेर फर्कि आउन सकून् ।<br>यशैया ५४:७-९ | २ 15<br>परमेश्वरले देखाउनुभएको योजना पूरा गर्दै जानको लागि पवित्र आत्माको अगुवाइ र उपस्थिति मण्डलीसँग सधैँ भइरहून् ।<br>प्रस्थान ३३:१३-१७ | ९ 22<br>मण्डलीका सबै सेवक/सेविकाहरू आफ्ना सेवकाइको क्षेत्रमा समर्पित र उदाहरण भएर मण्डलीको हेरचाह गर्न सकून् ।<br>प्रेरित २०:२८-३२ | १६ 29<br>सबै जवानहरू प्रभुसँगको संगति, सुसमाचार प्रचार, पढाइ, काम, विवाह आदिको लागि प्रार्थना गरिदिऔं ।<br>हितोपदेश ३:१-६ |
| **बुधबार** Wednesday | २७ 9<br>देशलाई अस्वस्थ, कमजोर बनाउने, गरीबीतिर धकेल्ने भ्रष्टाचार, घूसखोरी, चेलीबेटी बेचबिखन, देह व्यापार, लागु पदार्थको अवैध धन्दा अन्धकारका कामको विरुद्धमा प्रार्थना गरौं ।<br>मत्ती १८:१८ | ३ 16<br>मिशनेरी भएर विभिन्न ठाउँमा सेवकाइको लागि जानुभएकाहरूको सेवकाइ, परिवार, मण्डलीको लागि प्रार्थना गरिदिऔं ।<br>यशैया ४५:१-७ | १० 23<br>खेदो सतावटको कारण मण्डली अझै बलियो हुँदै र परमेश्वरको राज्य अझ बढेर जानेछ भनी सबै विश्वासीहरू आँटिलो, साहसिलो हुन सकून् ।<br>मत्ती ५:१०-१२ | १७ 30<br>परमेश्वरका छोराछोरीहरूलाई जुन बोलावटमा बोलाइएको छ त्यसअनुसार जिउन सकून् ।<br>एफिसी ४:१-६ |
| **बिहीबार** Thursday | २८ 10<br>प्रभु येशूमा भएकाहरू जीवनको सबै परिस्थितिहरूमा सधैँ धन्यवादी भई जिउनको लागि अनुग्रह मागिदिऔं ।<br>१ थेसलोनिकी ५:१६-१८ | ४ 17<br>सबै इसाईहरू क्रूसको प्रेमको अर्थ बुझेर उहाँको निम्ति जिउनेहरू हुन सकौं ।<br>२ कोरिन्थी ५:१४-१५ | ११ 24<br>अधुरो घर परिवारकाहरू सबै विश्वासमा आउनको लागि पवित्र आत्माले नै उहाँहरूलाई सहायता गरिदिऊन् ।<br>प्रेरित १६:३१-३२ | १८ May 1<br>मण्डलीका सबै विश्वासीहरू संसारका क्षणिक कुराहरूमा होइन तर माथिका कुराहरूमा मन लगाउनेहरू हुन सकून् ।<br>कलस्सी ३:१-२ |
| **शुक्रबार** Friday | २९ 11<br>परमेश्वरको वचनको भोक, तृष्णा हामी सबैमा जागेको होस् जसको फलस्वरूप हामी वचनमा आधारित जीवन जिउन सकौं ।<br>भजनसंग्रह ११९:१८ | ५ 18<br>ख्रीष्टको क्रूसको मृत्यु सारा मानव जातिको पाप क्षमाको लागि हो भन्ने सत्यता संसारले बुझी विश्वास गर्न सकून् ।<br>यूहन्ना १:२९, रोमी १०:९-१३ | १२ 25<br>देशभरि रहेका मण्डलीहरूले चढाइएको स्तुति प्रशंसाद्वारा उहाँको महिमाले यस देशलाई ढाकेको होस् र देशमा भएका अन्धकारका कुराहरू हटेर गएको होस् ।<br>२ इतिहास २०:२१-३० | १९ 2<br>बाल संगतिका कुनै पनि बाल बालिकाहरू नहराएको होस् र भविष्यमा परमेश्वरकै महिमाको कामको लागि तयारी हुन सकून् ।<br>हितोपदेश २२:६ |
| **शनिबार** Saturday | ३० 12<br>पहिलो पटक मण्डलीमा आउनुहुनेहरूले ख्रीष्ट येशू प्रभुलाई साँचो हृदयले प्रभु अनि मुक्तिदाता भनी ग्रहण गर्न सकून् ।<br>२ कोरिन्थी ६:१-२ | ६ 19<br>विदेशमा रोजगार र अध्ययनको सिलसिलामा जानुभएका नेपाली दाजुभाइ, दिदी बहिनीहरूले कुनै न कुनै माध्यमद्वारा प्रभु येशूलाई पाउन सकून् ।<br>१ तिमोथी २:१-६ | १३ 26<br>बेरोजगार भएकाहरूको अभाव प्रभुले पूरा गरिदिऊन् र कामहरू पनि जुटाइदिनुभएको होस् ।<br>१ पत्रुस ५:७ | २० 3<br>सारा विश्वव्यापी मण्डलीहरू संख्यात्मक रूपमा मात्र वृद्धि हुने होइन तर आत्मिक जागृतिको साथै पवित्रतामा निरन्तर बढ्दै जान सकून् ।<br>२ कोरिन्थी ३:१६-१८ |

## तर उनले तिनीहरूलाई भने, "आश्चर्य नमान, तिमीहरू नासरतका येशूलाई खोज्दछौ, जो क्रूसमा टाँगिनुभएको थियो । उहाँ जीवित भई उठ्नुभएको छ । उहाँ यहाँ हुनुहुन्न । उहाँलाई राखेको ठाउँ हेर ।

**मर्कूस १६:६**


प्रकाशकः नेइम ज्ञानेश्वर चर्च, पो.ब. ११३१, काठमाडौं, नेपाल फोन नं: ४४१४४८९/४४१२१७२, Email:info@nim.org.np,